श्रीखण्डपुर वासीको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । लेखकज्यूले कवि कालुमान सिं बारे खोज गरी दिन अनुरोध गर्नु भएको छ । उहांको यस लेखबाट श्रीखण्डपुरवासीहरुले श्रीखण्डपुरमा पनि सयौं वर्ष पहिले नै ठूला कविको जन्म भइ सकेको कुरा जानकारी दिने मौका दिनुभएकोले श्रीखण्डपुरवासी उहांको ऋणी वन्न पुगेको कुरा जानकारी गराउँदछु ।

उक्त लेखकमा प्रकाशित उहांको वंशावली र उहाँले रच्नु भएको कविता यसैसाथ समावेश गरेको छु । यसबाट श्रीखण्डपुर वासिन्दाले आफ्नो वंश खोज्न सजिलो होस्।

उक्त लेखमा प्रकाशित उहांको वंशावली र उहाँले रच्न भएको कविता यसैसाथ समावेश गरेको छु । यसबाट श्रीखण्डपुर वासिन्दाले आफ्नो वंश खोज्न सजिलो होस्।

सिध्दिदास सन्दर्भमा लेख्नुभएको कविताको अंश
(छन्द मालिनी)

अखनु वनी सिध्दिदास ! सिध्दिदास! धाधां
वेकया छेंसें जिन स्वारासिरि दुहाँ ओना ।
सिध्दिदास मरु धका: तलेसें धया हल ।
पिहाँ वे धागु ख: लघु संका दुत वन ॥
छम्ह वे पिहां ओन मेम्ह वेंचा मा ओल ।
पिंत म्हुतु डायका च्वंगु खं जिन ताल ॥

न स्वां (न: लिस्वां)
एरा: ओल जी स्वां होल ।
मोनी ओल नस्वां तल ॥

एरा: ओडाव निवा लिवा ।
आमाईया पार षुनु ॥

नसं इले तिरय ओडाव ।
मो न्हुयाय फि हल ॥
नी सी याडाव पूजा याडाव ।
भवानी दूरग्याया भाकल याडाव ॥

पंचामृत सादुरु तयाव ।
तछो होलाव नंस्वा स्वंन ।
च्यान्छ च्याया गुन्हु षुनु ।
भ्क भ्क धन्येक नस्वां होल ॥
ह्याङगु काव: छाडाव ।
हंय छुगु बलि वियाव ॥
भिन्हु षुनुं पूजा यात ।
धौ जकि संग याडाव ॥
भगवतीया शरीरस ने ।
नेस्वांया समो जुव रे ॥

आजा आजुनं सिनं. तिकाव ।
मा बुबां दक्षिणा वियाव ॥
नंस्वां म छेने छुवाव ।
एको एको आशीष वियाव ॥
लसकुस लसता याडाव ।
नंस्वांया नख: दैन रे ॥

जुजु बर्सेपरजा धेद्रक ।
छेषा छेंषे भ्क भ्क धायेक ॥
नंस्वाया मेला जुल ।
अथित मन हर्षन रे ॥

थुलि थाउंक स्वां छोइगु ।
थुलि ग्यङक नख: न्हपाइगु ॥
पर्वधो मोनी था : सो ।
नंस्वयोया नख: बटारे ॥

कविज्यूले लेख्नु भएको कविता जस्ताको तस्तैसारिएको छ । आदरणीय श्रीखण्डपुरवासीहरु हाम्रो ठाउँको कवि श्री कालुमान सिंको बंशलाईपत्ता लगाई उहांको वारेको लेख र उहांको कृतिहरु प्रकाशन गरी श्रीखण्डपुर कविलाईजन्म दिन सकेको कुरा सबैजन समक्ष ल्याउन अग्रसर होऔं यहि मेरो सबैमा अनुरोध छ ।

चाहें हाँस्नुस नचाहें नहाँस्नुस

एकजना कन्जुसको छोरा हस्याङ फस्याङ गर्दै आफ्नो बुबालाई आएर भन्यो-बुबा तपाईलाई थाहा छ मैले त आज ३ रुपैया बचाएँ नि ।

बुबा-(खुशी हुदै) कसरी बचाईस् तैंले त्यो रुपैया ?

छोरा-आज म स्कुलबाट फर्कदा बसमा नचढी त्यसको पछि पछि दगुर्दै आएँ । अनि बचेन त ३ रुपैया ?

बुबा-(रिसाउँदै) नालायक तेरो मति कहिले खुल्ने हो कुनि ? कम से कम ट्याक्सीको पछि पछि दौडेको भए त ७० रुपैया बच्थ्यो, बुझिस् पाजी ।